# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन १६ गते

<u>तीस दलीय गठनबन्धनको जनशक्ति प्रदर्शन</u>

## आयोगद्वारा अनुगमन शुरु, अवस्था सामान्य

राष्ट्रिय मानव अधिकार आयोगले तीस दलीय गठबन्धनले आयोजना गरेको जनशक्ति प्रर्दशनको अनुगमन गरेको छ। आयोगका सदस्य सुदिप पाठक नेतृत्वको टोलीले कोटेश्वर, नयाँ बानेश्वर, रत्नपार्क, थापाथलीलगायतका क्षेत्रको अनुगमन गरेको छ।

यस क्रममा टोलीले महानगरीय प्रहरी आयुक्तको कार्यालयमा पुगेर प्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मासँग जानकारी लिएको छ। प्रहरी अतिरिक्त महानिरीक्षक शर्माले हालसम्म स्थिति सामान्य रहेको तथा शान्ति-सुरक्षाको यथेष्ट प्रबन्ध मिलाइएको जानकारी दिनुभयो।

यसैगरी, आयोगले जनशक्ति प्रदर्शन कार्यक्रममा सहभागी दलका नेतामध्ये वर्षमान पुन र हृदयेश त्रिपाठीसँग फोनवार्ता गरी आवश्यक जानकारी लिएको छ। उहाँहरूले जनशक्ति प्रदर्शन शान्तिपूर्ण रूपमा भइरहेको बताउनुभयो।

उपत्यकाका विभिन्न स्थानमा परिचालित आयोगका अन्य अनुगमन टोलीबाट प्राप्त जानकारी अनुसार शनिबार बिहान ११:३० बजेसम्मको अवस्था सामान्य रहेको छ। केही स्थानमा बाँसका भाटाहरू प्रहरीले नियन्त्रणमा लिएको जानकारी पनि प्राप्त भएको छ।

थप जानकारीका लागि :

सदस्य सुदिप पाठक
फोन नं: ९८५१०३६०८३



....................
मोहना अन्सारी
प्रवक्ता